# स्थानीय तहमा कानूनी सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि,२०७६

<u>प्रस्तावनाः</u> प्रदेश भित्र अन्यायमा परेका महिला, दलित,अपाङ्गता, द्वन्द पीडित तथा गरीबीको रेखामुनि रहेका व्यक्ति लगायत विभिन्न वर्ग, समुदायलाई कानूनी सहयाता प्रदान गर्ने उदेश्यले प्रदेश सरकारको आर्थिक वर्ष २०७५।०७६ को नीति तथा कार्यक्रमलाई निरन्तरता दिंदै आ.व.०७६।०७७ मा **"प्रदेश सरकारको पहिचान, निःशुल्क कानूनी जनसहायता अभियान"** कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय सरकारसँग सहकार्य गरी प्रदेशका माहानगरपालिका बाहेकका सबै स्थानीय तहमा कानूनी सहजकर्ता नियुक्तिका लागि आवश्यक व्यवस्था मिलाउन कार्यविधिगत व्यवस्था गर्न वान्छनीय भएकोले प्रदेश सरकार (मन्त्रिपरिषद) यो कार्यविधि बनाई लागू गरेको छ ।

१. <u>संक्षिप्त नाम,प्रारम्भ र विस्तारः</u>(१) यो कार्यविधिको नाम "स्थानीय तहमा कानूनी सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं.३ का माहानगरपालिका बाहेकका सबै स्थानीय तहमा लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले गाउँ तथा नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) "कानूनी सहजकर्ता" भन्नाले दफा ७ को उपदफा (२) बमोजिम करार सम्झौता गरिएको व्यक्ति सम्झनुपर्दछ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "स्थानीय तह" भन्नाले माहानगरपालिका बाहेक सबै उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्दछ ।

३. <u>सेवा उपलब्ध गराउनेः</u>(१) मन्त्रालयले यस कार्यविधि बमोजिम तोकेका स्थानीय तहभित्र अन्यायमा परेका महिला, दलित, अपाङ्गता भएका व्यक्ति, निःसहाय, गरिबीको रेखामुनि रहेका, विपन्न एवं अल्पसंख्यक समुदाय, वर्ग र क्षेत्रका साथै द्वन्द पीडित नागरिकहरुलाई देहाय बमोजिमका कार्य गरी सेवा प्रदान गर्न यस कार्यविधि बमोजिम अवधि तोकी कानूनी सहजकर्ता करारमा नियुक्ति गर्न सक्नेछः-

(क) सेवाग्राहीलाई सेवाप्राप्तिको सम्बन्धमा कानूनी प्रकृयाका बारेमा सहयोग एवं सहजीकरण गर्ने ,

(ख) यस कार्यविधिले प्राथमिकता दिएका नागरिकलाई सम्बन्धित स्थानीय तहमा रहेका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका सबै कार्यालयहरु तथा अदालत, जिल्ला प्रहरी कार्यालयसम्म न्यायिक पहुँचका लागि सहजीकरण गर्ने,

(ग) सरकारी कार्यालयहरुमा दिनुपर्ने निवेदन तयार गर्न सहयोग गर्ने,

(घ) सार्वजनिक सेवा प्राप्तिको प्रकृया बारेमा आवश्यक जानकारी उपलब्ध गराउने,

(ङ) सरकारी कार्यालय र सेवाग्राहीका बीचमा समन्वय र सहजीकरण गर्ने,

(च) आवश्यकता अनुसार स्थानीय न्यायिक समितिलाई सहयोग गर्ने,

(छ) मन्त्रालयसँग सम्बन्धित र मन्त्रालयले तोकेका अन्य कार्यहरु गर्ने ।



प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

सचिव

(२) उपदफा (१) को खण्ड (क) देखि (छ) सम्मका कार्यहरु कानूनी सहजकर्ताले निःशुल्क रुपमा प्रदान गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम नियुक्त कानूनी सहजकर्ताले मन्त्रालय र स्थानीय तह बीच सम्पर्क व्यक्तिको रुपमा कार्य गर्नेछ ।

(४) कानूनी सहजकर्ताले आफ्नो कार्यजिम्मेवारीको सिलसिलामा सामाधान हुन नसकेका विशिष्ट प्रकृतिका कार्यहरुको सम्बन्धमा मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ ।

(५) कानूनी सहजकर्ता कार्यालयमा पूरा समय काम गर्ने कर्मचारी हुनेछ । दुई निकायमा कार्य गरेको वा गरिरहेको प्रमाणित भएमा निज स्वतः पदमुक्त हुनेछ ।

४. **<u>छनौट सम्बन्धी व्यवस्थाः</u>**(१) मन्त्रालयले कानूनी सहजकर्ता नियुक्तिका लागि निजको योग्यता, पारिश्रमिक, सेवाका शर्त समेत तोकी मन्त्रालयको सूचनापाटी\वेभसाईट र राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-१ बमोजिमको ढाँचामा कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गर्नु पर्नेछ। यसरी प्रकाशन गरेको सूचना सम्बन्धित स्थानीय तहको कार्यालयमा समेत उपलब्ध हुने व्यवस्था मन्त्रालयले गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्तिका लागि उम्मेदवार हुन देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) माध्यमिक शिक्षा (१०+२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरेको,

(ग) अठार वर्ष पूरा भएको,

(घ) प्रचलित कानूनले अयोग्य नभएको ।

(३) उपदफा (२) बमोजिम योग्यता पूगेका आवेदकले अनुसूची-२ बमोजिमको आवेदन फाराम भरी सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको कार्यालयमा आवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम आवेदन दिंदा एक मात्र स्थानीय तह उल्लेख गरी आवेदन दिनु पर्नेछ । यस विज्ञापन प्रयोजनका लागि एकै पल्ट दुई वा सो भन्दा बढी स्थानीय तहमा आवेदन दिन पाईने छैन । यसरी एक भन्दा बढी स्थानीय तहमा आवेदन दिएको पाइएमा निजलाई कुनै एक स्थानीय तह रोजाई सोही बमोजिम छनौट प्रक्रिया पूरा गर्नु पर्नेछ ।

तर त्यस्तो उमेदवारले एक स्थानीय तह नरोजेमा निज छनौट प्रकृयाबाट स्वतः हटेको मानिनेछ ।

(५) उपदफा (३) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा कुल अङ्क एकसयमा नबढ्ने गरी दफा ५ को समितिले मुल्याङ्कन गरी नियुक्तिका लागि मन्त्रालयमा पठाउनु पर्नेछः-

(क) **<u>न्यूनतम शैक्षिक योग्यता बापत</u> (४५ पैतालीस अङ्क)**

(१) प्रथम श्रेणी सहित माध्यमिक शिक्षा (१०+२) वा प्रवीणता प्रमाणपत्र तह उतीर्ण गरेको -४५ (पैतालीस) अङ्क

(२) द्वितीय श्रेणी सहित माध्यमिक शिक्षा (१०+२) वा प्रवीणता प्रमाणपत्र तह उतीर्ण गरेको -४३(त्रिचालिस)अङ्क

(३) तृतीय श्रेणी सहित माध्यमिक शिक्षा (१०+२) वा प्रवीणता प्रमाणपत्र तह उतीर्ण गरेको -४०(चालीस)अङ्क



प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौडा, मकवानपुर, नेपाल

सचिव

(ख) **माथिल्लो शैक्षिक योग्यता बापत (१० दश अङ्क)**

(१) कानूनमा स्नातक गरेको -१०(दश)अङ्क

(२) कानून बाहेकमा कुनै संकायमा स्नातक गरेको -५ (पाँच) अङ्क

(ग) **व्यावसायिक प्रमाणपत्र बापत (५ पाँच अङ्क)**

(१) कानून व्यावसायिको प्रमाणपत्र प्राप्त गरेको -५ (पाँच) अङ्क

(२) लेखापढी व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको -२ (दुई) अङ्क

(घ) **बासिन्दाको आधार (१५ पन्ध्र अङ्क)**

(१) सम्बन्धित स्थानीय तहको बासिन्दा भएमा -१५ (पन्ध्र)अङ्क

(२) सम्बन्धित जिल्लाको बासिन्दा भएमा -१३ (तेह्र)अङ्क

(३) सम्बन्धित जिल्ला भन्दा बाहिरको बासिन्दा भएमा -११ (एघार) अङ्क

(ङ) महिला उमेदवारलाई अङ्क ३ (तीन) प्रदान गरिनेछ ।

(च) शुरु नियुक्ति पाई आ.व २०७५।०७६ को असार मसान्तसम्म कानूनी सहजकर्ताको रुपमा नियुक्ति भएको गाउँपालिकामा निरन्तर कार्य गरी प्रमाणपत्र प्राप्त गरेका कानूनी सहजकर्ता भएमा -२ (दुई अङ्क)

(छ) अन्तर्वाता -२०(बीस) अङ्क

<u>स्पष्टीकरण</u>:अन्तर्वातामा अङ्क प्रदान गर्दा न्यूनतम १२ (बाह्र) र अधिकतम १६ (सोह्र) को सीमाभित्र रही अङ्क प्रदान गर्नु पर्नेछ ।यसरी दफा ५ बमोजिमको समितिका सदस्यले अङ्क प्रदान गर्दा छुट्टा-छुट्टै अङ्क प्रदान गरी औसत निकाली अङ्कगणना गर्नु पर्नेछ ।

५. <u>छनौट समितिः</u>(१) दफा ४ को उपदफा (३) बमोजिमका उम्मेदवारलाई दफा ४ को उपदफा (५) बमोजिम अङ्क प्रदान गरी योग्यताक्रमको आधारमा सिफारिस गर्न देहायको एक छनौट समिति रहनेछः-

(क) सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारी -संयोजक

(ख) मन्त्रालयले तोकेको प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयले तोकेको प्रतिनिधि-सदस्य

(२) जिल्ला समन्वय अधिकारीले तोकेको कर्मचारीले उपदफा (१) बमोजिमको छनौट समितिको सचिव भै काम गर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस गर्दा आवेदकहरुको अन्तर्वाता सम्पन्न भएपछि मात्र कुल प्राप्ताङ्क गणना गरी सिफारिस गर्नु पर्नेछ ।

६. <u>छनौट तथा सिफारिसः</u> (१) दफा ४ बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई दफा ५ बमोजिमको छनौट समितिले उम्मेदवारको रोल नम्बर, नाम थर, ठेगाना सहित योग्यताक्रम अनुसारको नतिजा प्रकाशन गरी नियुक्ति तथा करार सम्झौताका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योग्यताक्रम प्रकाशन गर्दा माग संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ र सिफारिश भएका उम्मेदवारको सूची सम्बन्धित स्थानीय तहमा सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवारको नामावली प्रकाशन गर्न बाधा पर्ने छैन।

(३) दफा ४ को उपदफा (१) बमोजिमको समयावधिभित्र कुनै स्थानीय तहमा कुनै पनि आवेदन नपरेमा दफा ५ बमिजिमको छनौट समतिले त्यस जिल्लाको कुनै स्थानीय तहमा रहेको



प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

सचिव

पहिलो योग्याताक्रमको वैकल्पिक उमेदवारलाई सिफारिस गरी नियुक्तिका लागि मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवार मध्ये छनौट भएका उम्मेदवारहरुलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ।

(५) उपदफा (१) र (३) बमोजिम मन्त्रालयमा सिफारिस प्राप्त भएपछि मन्त्रालयले समेत उपदफा (४) बमोजिमको प्रकृया पूरा गर्नु पर्नेछ ।

७. <u>नियुक्ति र करार सम्झौता</u>:(१) दफा ६ बमोजिम सिफारिस भएका उम्मेदवारलाई मन्त्रलायले पन्ध्र दिनभित्र कार्य-विवरण समेत उल्लेख गरी अनुसूची -३ बमोजिमको ढाँचामा नियुक्ति र करार समझौता गरी सम्बन्धित स्थानीय तहमा पठउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र नियुक्ति एवं करार सम्झौता गर्न नआउने उमेद्वारको ठाउँमा मन्त्रालयले सोही स्थानीय तहमा रहेको अर्को योग्यताक्रम अनुसारको वैकल्पिक उमेदवारलाई नियुक्ति र करार सम्झौता गर्नेछ ।

तर सम्बन्धित स्थानीय तहमा कुनै वैकल्पिक उमेदवार नभए सोहि जिल्ला वा नजिकको कुनै जिल्लाको कुनै स्थानीय तहमा रहेको योग्यताक्रम अनुसारको वैकल्पिक उमेदवारलाई नियुक्ति र करार गर्न बाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिम कानूनी सहकर्तालाई सम्बन्धित स्थानीय तहले यस कार्यविधिको कार्यविवरण अनुसार कार्य गर्न आवश्यक व्यवस्थापन गरी काममा लगाई सो को जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम कानूनी सहजकर्तालाई सम्बन्धित स्थानीय तहले कार्य गर्न आवश्यक सहजीकरण र व्यवस्थापन नगरेमा मन्त्रालयले त्यस्तो स्थानीय तहको कुनै वडा वा अन्य स्थानीय तहमा रही कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा असार मसान्त सम्मका लागि मात्र करार गर्नु पर्नेछ ।

८. <u>कार्य शर्त, पारिश्रमिक र अवधि</u>:(१) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका कानूनी सहजकर्ताले एकमुष्ठ राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहको शुरु तलब स्केल बराबर करार सम्झौतामा उल्लेख भए बमोजिमको मासिक पारिश्रमिक र चाडपर्व खर्च पाउनेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको पारिश्रमिक कार्य-विवरणमा उल्लेख भए बमोजिम भए गरेका कार्यहरुको मासिक प्रगति विवरण प्राप्त भएपछि बैङ्क मार्फत भुक्तानी गर्नेछ।

(३) यस कार्यविधि बमोजिम नियुक्ति भएको कानूनी सहजकर्ताले सार्वजनिक विदा र नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले घोषणा गरी दिएको स्थानीय विदा बाहेक अन्य विदा पाउने छैन ।

(४) यस कार्यविधि बमोजिम कुनै कानूनी सहजकर्ताले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

(५) उपदफा (१) बमोजिम करार सम्झौता गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नु पर्नेछ।

९. <u>मन्त्रालय तथा स्थानीय तहको दायित्व</u>: (१) कानूनी सहजकर्तालाई स्थानीय तहसँग सहजीकरण र समन्वय गर्ने, गराउने, क्षमता अभिवृद्धि लगायतका अभिमुखीकरण तालिम प्रदान गर्नु मन्त्रालयको दायित्व हुनेछ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल



सचिव

(२) यस कार्यविधि बमोजिम सहजकर्ताको छनौट, अन्तरवार्ता, क्षमता अभिवृद्धि लगायत अन्य व्यवस्थापनको लागि मन्त्रालयले विनियोजित बजेटबाट आवश्यक व्यवस्थापन गर्नेछ ।

(२) कानूनी सहजकर्तालाई कार्यकक्ष लगायत अन्य आवश्यक व्यवस्थापन गर्नु सम्बन्धित स्थानीय तहको दायित्व हुनेछ ।

(३) यस कार्यविधि बमोजिम नियुक्त कानूनी सहजकर्ताको कार्यमा सहजीकरण, समन्वय र सहयोग पुर्याउनु पर्नेछ । साथै कार्यसम्पादनको क्रममा स्थानीय तहको समेत जिम्मेवारी निर्वाह गर्दा स्थानीय तहमा कार्यरत सो सरहका कर्मचारीले पाए सरहको सेवा सुविधा उपलब्ध गराउन कुनै बाधा पुगेको मानिने छैन ।

१०. **शुल्क लिन नहुने**: कानूनी सहजकर्तले यस कार्यविधिमा तोके बमोजिमको कानूनी सहजकर्ता वा अन्य सेवा उपलब्ध गराए बापत सेवाग्राहीबाट कुनै पनि शुल्क लिन वा लिन लगाउन वा लिने मनसायले कुनै कार्य गर्न, गराउन हुँदैन ।

११. **करार समाप्ती:** (१) कुनै कारणले यस कार्यविधि बमोजिमको सेवा अन्त्य गर्नु पर्ने भएमा मन्त्रालयले करार सेवामा कार्यरत व्यक्तिलाई बढीमा एक महिनाको अग्रीम सूचना दिई करार सम्झौता भंग गर्न सक्नेछ ।

(२) दफा ७ बमोजिम करार सम्झौता गरिएको कानूनी सहजकर्ताले दफा १० बमोजिम निजले लिन नहुने शुल्क लिएमा वा लिन लगाएमा वा लिने मनसायले कुनै कार्य गरेको वा निजको कार्य सम्पादन सन्तोषजनक नभएको भनि उजुरी परेमा वा जानकारी नगराई महिनामा सात दिनभन्दा बढी अवधि अनुपस्थित भएमा सम्बन्धित स्थानीय तहले आवश्यक छानविन गरी मन्त्रालय समक्ष लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी पठाएको छानविन प्रतिवेदन मुनासिव देखिएमा त्यस्तो कानूनी सहजकर्तालाई करार सेवाबाट हटाउन सक्नेछ ।

तर यसरी करार सेवाबाट हटाउनु पूर्व निजलाई सफाईको मौका प्रदान गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम नियुक्ति कानूनी सहजकर्ता कुनै कारणले पदमुक्त भएमा वा उपदफा (३) बमोजिम कुनै कानूनी सहजकर्ता सेवाबाट हटेमा वा निजले स्वईच्छाले करार भंग गरी सेवा छोडेमा उक्त रिक्त स्थानमा मन्त्रालयले बाँकी अवधिका लागि सम्बन्धित जिल्ला वा नजिकको कुनै जिल्लाको स्थानीय तहमा रहेको वैकल्पिक उमेद्वारलाई नियुक्ति र करार गरी खटाउन सक्नेछ ।

१२. **अनुगमन गर्न सक्ने**: (१) मन्त्रालयले समय-समयमा यस कार्यविधि अनुसार कानूनी सहजकर्तालाई तोकेको काम, कारबाही गरे नगरेको सम्बन्धमा अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) को अतिरिक्त मन्त्रलयले सम्बन्धित जिल्ला समन्वय समितका उपप्रमुखको संयोजकत्वमा मन्त्रालयको समेत प्रतिनिधित्व हुने गरी प्रत्येक चौमासिक रुपमा छलफल, अन्तरक्रिया, गोष्ठी आदिका माध्यमबाट समेत अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) अनुगमनको प्रयोजनका लागि आवश्यक बजेटको व्यवस्था स्वीकृत बजेटको परिधिभित्र रही मन्त्रालयले गर्नेछ ।

१३. **प्रतिवेदन सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधि बमोजिम गरेका सम्पूर्ण कार्यहरुका सम्बन्धमा कानूनी सहजकर्ताले दैनिक रुपमा अभिलेख राखी मासिक प्रगति विवरण अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउनु पर्नेछ । यसरी दैनिक रुपमा राखिएको अभिलेख मन्त्रालय वा सम्बन्धित स्थानीय तहको प्रशासकीय अधिकृत, प्रमुख/उपप्रमुख/अध्यक्ष वा उपाध्यक्षले जुनसुकै बखत माग गरी हेर्ने सक्नेछ ।



सचिव

(२) दफा १२ बमोजिम मन्त्रालय र सम्बन्धित जिल्ला समन्वय समितको उपप्रमुखको संयोजकत्वमा खटिएको टोलीले गरेको अनुगमनको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

१४. <u>गुनासो सुनुवाई समिति</u> : (१) यस कार्यविधिका सम्बन्धमा भए गरेको कार्यमा चित्त नबुझेमा मर्का पर्ने व्यक्तिले देहायको समितिमा त्यस्तो काम भए गरेको मितिले एक्काइस दिनभित्र उजुर गर्न सक्नेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) कानून तर्जुमा माहाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१६. <u>बाधा अड्काउ फुकाउने</u> : यस कार्यविधिको कार्यन्वयन गर्दा कुनै बाधा परेमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ ।

१७. <u>खारेजी</u>: गाउँपालिकामा कानूनी सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौडा, मकवानपुर, नेपाल



सचिव

अनुसूची -१

(दफा ४ को (१) सँग सम्बन्धित)

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर, नेपाल

**करार सेवा लिने सम्बन्धी सूचनाको ढाँचा**

(सूचना प्रकाशित मिति : २०७६ / / )

................................उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाको लागि कानूनी सहजकर्ता को रुपमा देहायको संख्या र योग्यता भएको व्यक्ति करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित जिल्ला समन्वय समतिको कार्यालयमा आवेदन दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण मन्त्रालयको वेवसाइट www.moial.p3.gov.np मा उपलब्ध हुनेछ ।

१. सूचना नं.

| पद | संख्या |
|---|---|
| कानूनी सहजकर्ता | |

२. योग्यता :

(क) नेपाली नागरिक,

(ख) माध्यमिक शिक्षा (१०+२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरेको,

(ग) अठार वर्ष उमेर पूरा भएको,

(घ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

३. **छनौटका आधारहरु :**

(क) न्यूनतम शैक्षिक योग्यता

(ख) माथिल्लो शैक्षिक योग्यता

(ग) व्यावसायिक प्रमाणपत्र

(घ) बासिन्दाको आधार

(ङ) महिला उम्मेदवार

(च) कानूनी सहजकर्ताको अनुभव

(छ) अन्तरवार्ता ।

४. आवेदनसाथ संलग्न गर्नुपर्ने:

उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।



सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -२
(दफा४ को (२) सँग सम्बन्धित)
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर,नेपाल

## करारको लागि आवेदन फारामको ढाँचा

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले |

(क) आवेदन दिएको स्थानीय तह(एक मात्र उल्लेख गर्ने):...............................................

(ख) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नंः | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./ गा.पा. | | ग) वडा नं. |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | | च) फो नं. |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेल |
| बाबुको नाम, थर : | | जन्म मिति : (वि.सं.मा) | (ईस्वि संवतमा) | |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष | महिना |

(ख) शैक्षिक योग्यता/तालिम (आवेदन फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय\ संस्था\ परिषद | पद | | | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस आवेदनमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । आवेदन बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस आवेदन फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा १ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |
| मन्त्रालयले भर्नेः | | |
| दर्ता नं. : | | |
| आवेदन अस्वीकृत भए सो को कारण : | | |
| आवेदन रुजू गर्नेको नाम र दस्तखतः<br>मिति : | | आवेदन स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : |

द्रष्टव्य :आवेदन साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, कानून व्यवसायिक प्रमाणपत्र (भएमा)को प्रतिलिपि, अनुभवको प्रतिलिपि,(भएमा) आदि ।



प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल
सचिव

अनुसूची -३

(दफा ७ को (१) सँग सम्बन्धित)

<u>करार सम्झौताको ढाँचा</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालयल (यसपछि पहिलो पक्ष भनिएको) र ..................जिल्ला, ........................महानगर/उपमहानगर/नगर/गाउँपालिका, वडा नं.........बस्ने श्री ......................... (यस पछि दोश्रो पक्ष भनिएको) का बीच .............. उपमहानगर/नगर/गाउँपालिका कानूनी सहजकर्ताको रुपमा कामकाज गर्न मिति २०७६/......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :-

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले कार्यविधि बमोजिम तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थानः**......................... उपमहानगर/नगर/गाउँपालिका ।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहको शुरु तलब स्केल बापतको मासिक पारिश्रमिक उपलब्ध गराउनेछ ।उक्त पारिश्रमिकमा प्रचलित कानून बमोजिमको सामाजिक सुरक्षा कर लाग्नेछ ।

४. **चाडपर्व खर्च :** पहिलो पक्षले दोस्रो पक्षलाई नियमानुसार चाडपर्व खर्च उपलब्ध गराउनेछ ।

५. **कार्यालय व्यवस्थापन :** दोश्रो पक्षलाई सम्बन्धित स्थानीय तहले कर्यालयमा कार्यसम्पादन गर्न आवश्यक व्यवस्थापनको सहयोग गर्नेछ ।

६. **आचरणको पालनाः** दोश्रो पक्षले प्रचलित कानूनमा निजामती कर्मचारीले पालना गर्नुपर्ने भनी व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

७. **विदाः** दोस्रो पक्षलाई सार्वजनिक विदा र नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले घोषणा गरी दिएको स्थानीय विदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन ।

८. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

९. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ ।

१०. **करार अवधिः** यो करार २०७६।.....।.......देखि लागू भई २०७७ असार मसान्त सम्मको लागि हुनेछ ।

११. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने गराउनेछ ।

१२. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** पहिलो पक्षले कार्यविधि बमोजिम लिन नहुने शुल्क लिएमा वा लिन लगाएमा वा लिने मनसायले कुनै कार्य गरेको वा निजको कार्य सम्पादन सन्तोषजनक नभएको भनि उजुरी परी वा जानकारी नगराई संम्बन्धित स्थानीय तहमा महिनामा सात दिनभन्दा बढी अवधि अनुपस्थित भएको प्रमाणीत भएमा कार्यविधि बमोजिमको आवश्यक प्रकृया पूरा गरी सेवाबाट हटाइनेछ । यसरी जानकारी नगराई अनुपस्थित रहेको अवधिको पारिश्रमिक समेत दामासाहीले कट्टा गरिनेछ र पहिलो पक्षले अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । साथै दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम



सचिव

सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसँगको सम्झौता रद्द गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन।

१३. **दावी नपुग्ने:** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१४. **प्रचलित कानून लागू हुने:** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ।

पहिलो पक्ष (मन्त्रालयको तर्फबाट)

हस्ताक्षर :

नाम :

पद :

मन्त्रालयको छाप:

दोस्रो पक्ष (करार गर्ने व्यक्ति):

हस्ताक्षर :

नाम :

ठेगाना :

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल



सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची -४
(दफा ७ को (१) सँग सम्बन्धित)
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर,नेपाल

## करारपत्रको ढाँचा

च.नं.

मितिः

प.सं.

श्री ........................................,

.........................उ.प.न.पा/न.पा./गा.पा., वडा नं........ ।

विषयः करार सम्बन्धमा ।

तपाईलाई स्थानीय तहमा कानूनी सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि, २०७६ बमोजिम मिति २०७६।....।...को निर्णयानुसार ............................(पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७६।....।... देखि २०७....।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नु हुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा सरकारी कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

.....................

बोधार्थ/कार्यार्थ

श्री जिल्ला समन्वय समतिको कार्यालय,..........जिल्ला, प्रदेश नं. ३ः आवश्यक समन्वय गरिदिन हुन,
श्री .......................उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका :कामकाजमा लगाउन हुन ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल



सचिव

अनुसूची -५

(दफा १३ को (१) सँग सम्बन्धित)

## मासिक प्रगति विवरणको ढाँचा

...........साल..........महिनाको मासिक प्रगति विवरण ।

| सि.नं. | सम्पादन गरेको कार्य विवरण | एकाई | गत महिना सम्मको सङ्ख्या | यस महिनाको सङ्ख्या | यस महिना सम्मको जम्मा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सहजकर्ताको,

नामः

पदः

स्थानीय तहः

हस्ताक्षरः

प्रमणीत गर्नेको,

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

हस्ताक्षरः

स्थानीय तहः

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल



सचिव